२०७७ बैशाख १ देखि असोज १८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण											
पहिरो			बाढी			चट्याङ्ग			कुल जम्मा		
मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते
२९५	६४	२२३	४२	३७	११	६५	०	२१२	**४०२**	**१०१**	**४४६**
२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज १८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण											
पहिरो			बाढी			चट्याङ्ग			कुल जम्मा		
मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते
२९३	६४	२२२	३९	३६	९	३५	०	९३	**३६७**	**१००**	**३२४**
२०७७ असोज १८ देखि १९ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण											
पहिरो			बाढी			लेक लागेर			कुल जम्मा		
महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
०	०	**०**	०	०	०	०	०	०	**०**	**०**	**०**

दैनिक विपद् बुलेटिन

१८ असोज विहान १०:०० बजेदेखि १९ असोज बिहान १०:०० बजेसम्म

नेपालमा विभिन्न जिल्लामा गरेर आज **१** स्थानमा **आगलागी**, **१** स्थानमा **चट्याङ्ग**का घटना घटेका छन् । यी घटनामा परी **३** जना **घाईते** भएका छन् । आगलागीबाट **३० लाख रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

मृत्यु संख्या	हराएको	घटना संख्या	घाइते	अनुमानित क्षति रु	सडक अवरोध	चौपाया क्षति
०	०	२	३	३०,००,०००	०	०

घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **२** वटा घट्ना भएका छन् ।
- **सप्तरी**को डाक्नेश्वरी नगरपालिका वडा नं ६ बथनाहास्थित एक घरमाथि **चट्याङ्ग** पर्दा **३ जना घाईते,** घरको TV बिग्रेको र घर वरीपरिका ४/५ बटा घरको बिजुलीको तार र बत्ती पनि विग्रीएको ।
- **पर्सा**को विरगञ्ज महानगरपालिका वडा नं १६ नगवा फुलवारी टोल स्थित **Ncell को टावर**मा अचानक करेन्ट सर्ट भई **आगलागी** हुँदा टावरको ब्याट्री, पाटपुर्जाहरु जलि **३० लाख रुपैंया** बराबरको क्षति ।

प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चट्याङ्ग लागी घाईते भएकाहरुलाई नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीय र दमकलको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

बाढी पूर्वानुमान

असोज-१९ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कोशी र यसका केही स-साना सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्दो हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, पाँचथर, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, ओखलढुंगा, भोजपुर, खोटाङ, उदयपुर, कास्की, म्याग्दी, बागलुङ, नवलपरासी र आसपासका जिल्ला भई बहबे केही स-साना सहायक नदीमा बहाब केही बढ्ने तर सबैमा सतर्कता तलै हुने पूर्वानुमान छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः**http://hydrology.gov.np/**

वर्षाको सारांश

असोज १८ गते बिहान ०८:४५ बजे देखि असोज १९ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/१९ गते बिहान ०८:४५ बजे १८४ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४८ र स्वचालितः १३६) मा मापन गरिएको वर्षाको विवरण अनुसार ४३ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (४२.८ मि. मी.) ईलाम जिल्लाको मैनाचुली केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ३ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र १२ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ।



चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।

आगामी तीन दिनको मौसम पूर्वानुमान

<u>असोज १९ गते (सोमबार)</u>

दिउँसो : प्रदेश १, प्रदेश २, र बागमती प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। प्रदेश १, प्रदेश २ र बागमती प्रदेशका थोरै स्थानहरूमा र गण्डकी प्रदेशको एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

राती : प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। प्रदेश १ र प्रदेश २ का थोरै स्थानहरूमा र बागमती र गण्डकी प्रदेशका एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

<u>असोज २० गते (मंगलबार)</u>

दिउँसो : प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १ का थोरै स्थानहरु तथा प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

राती : प्रदेश १ मा सामान्य बदली र अन्य प्रदेशमा आंशिक बदली रही प्रदेश १ का एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

<u>असोज २१ गते (बुधबार)</u>

दिउँसो : प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिक देखि सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

राती : प्रदेश १ मा सामान्य बदली र अन्य प्रदेशमा आंशिक बदली रहनेछ। प्रदेश १ का एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind